# महिला विरुद्ध हुने लैंगिक हिंसा सम्बोधनका लागि प्रेषण प्रणाली सम्बन्धी कार्यविधि, २०७७

## प्रस्तावना

लैङ्गिक हिंसा समुदायमा विद्यमान एउटा प्रमुख समस्याको रुपमा रहेको र यस्ता हिंसाबाट विशेष गरी महिला, किशोरी तथा बालिकाहरु अधिक मात्रामा पीडित भईरहेको सामाजिक परिवेशलाई मध्यनजर गर्दै पीडित तथा प्रभावित भएकाहरुले सम्मानित जिवन जिउनका लागि उनीहरुको विविध आवश्यकताहरुलाई सम्बोधन गर्न सुरक्षा तथा न्यायका सेवा प्रदायकहरु बीचको प्रेषण प्रणालीलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, राजगढ गाँउपालिका ,सप्तरीको कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (७) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा सम्बोधनका लागि प्रेषण प्रणाली सम्बन्धी कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि सप्तरी जिल्लाको राजगढ गाँउपालिका भर लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि मा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले सप्तरी जिल्लाको राजगढ गाँउपालिकालाई सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा ३ बमोजिम गठन हुने महिला हिंसा विरुद्ध स्थानीय समिति सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले स्थानीय तहको कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "प्रेषण प्रणाली " भन्नाले दफा ८ बमोजिमको प्रेषण प्रणाली सम्झनु पर्छ ।

## परिच्छेद - २

## समितिको गठन

३. **समिति सम्बन्धी व्यवस्था** : (१) राजगढ गाँउपालिकामा महिला विरुद्ध हुने हिंसा नियन्त्रण सम्बन्धी कार्यलाई नीतिगत मार्गदर्शन गर्न, पीडित तथा प्रभावितहरुको सुरक्षा तथा न्यायमा पहुँच अभिवृद्धि गर्दै सम्मानित जीवन जिउने वातावरण तयार गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने उद्धेश्यले स्थानीय तह प्रमुख को मार्ग निर्देशनमा रही कार्य गर्ने गरी देहाय बमोजिम लैंगिक हिंसा विरुद्ध स्थानीय समितिको गठन हुनेछ :-

(क) स्थानीय तहका उपप्रमुख -अध्यक्ष

(ख) सबै वडाका अध्यक्षहरु - सदस्य

(ग) वडा सदस्यहरु मध्येबाट स्थानीय तहले

कम्तिमा दुई जना महिला सहित मनोनयन